नेपाल सरकार
# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
(आन्तरिक व्यवस्थापन शाखा)

पत्र संख्या :- ०७६/०७७
चलानी .नः ५२

मितिः- २०७६/०४/०९

श्री संघीय मन्त्रालय/आयोग/सचिवालय/विभाग/निर्देशनालय/कार्यालय सबै
श्री प्रदेशका मन्त्रालय/आयोग/सचिवालय/निर्देशनालय/कार्यालय सबै
श्री जिल्ला समन्वय समिति सबै ।
श्री स्थानीय तह सबै ।

विषयः- निर्णय कार्यान्वयन सम्वन्धमा।

प्रस्तुत विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. भ्र.नि./५२१/५७ मिति २०७६/०४/०२ को पत्रसाथ प्राप्त नेपाल सरकारका मूख्य सचिव श्रीमान् लोकदर्शन रेग्मी ज्यूको अध्यक्षतामा बसेको सचिव बैठकले गरेका यसै साथ संलग्न निर्णयहरुको कार्यान्वयन गर्ने/गराउने व्यवस्थाका लागि आदेशानुसार अनुरोध छ।

(जगतप्रसाद भुसाल)
शाखा अधिकृत

बोधार्थः
श्री सूचना तथा प्रविधि शाखाः Website मा Upload गरिदिनु हुन ।

निर्णयहरुः

१. आ.व. २०७६/७७ को वार्षिक नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, मन्त्रालय/निकायले अघि सारेका सिर्जनशील कार्यक्रमहरु तथा नेपाल सरकारले वेला वेलामा गरेका निर्णय अन्तर्गतका कार्यक्रमहरु समावेश गरी कार्यान्वयन कार्ययोजना तयार गरी मन्त्रीज्यूहरुवाट समेत अनुमोदन गराई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा शीघ्र पेश गर्ने। जुनसुकै वेला छोटो सूचनाको आधारमा प्रस्तुतीकरण हुने भएकोले तयारीका साथ रहने।

२. नेपाल सरकारका सबै निकायमा कार्यरत रा.प.तृतीय श्रेणीसम्मका कर्मचारीहरुसंग अनिवार्य रुपमा कार्यसम्पादन करार गर्ने व्यवस्था मिलाउने। यसरी कार्यसम्पादन करार गर्दा पद अनुसारको जिम्मेवारी के के हुने हो स्पष्ट उल्लख गर्ने। कार्यसम्पादन करार गर्दा यस अघि गृह मन्त्रालयबाट भएको असल अभ्यासलाई समेत अवलम्वन गर्ने। नेपाल सरकारका सचिवहरुसँग गरिने कार्य सम्पादनको आधार, कार्य सम्पादन लक्ष्य र कार्य प्रगतिको मूल्याङ्कन समेत नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेटको कार्ययोजनाको आधारमा हुने व्यवस्था गरिनेछ।

३. प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन गर्ने सन्दर्भमा कुन तहको कर्मचारीको सुपरिवेक्षक, पुनरावलोकन कर्ता र पुनरावलोकन समितिको संयन्त्रमा को को पदाधिकारी रहने हो सो को स्पष्ट व्यवस्था संघीय मामिला तथा सामान्य प्रशासन सचिवले मिलाउने।

४. पेट्रोलीयम पदार्थ र अन्य मालवस्तुको ढुवानी व्यवस्थापनमा हालै देखिएको समस्यालाई तत्कालै सम्बोधन गर्न अर्थ/ राजश्व सचिव, वाणिज्य सचिव लगायत अन्य सरोकारवाला सचिवहरु एवम् राजश्व अनुसन्धान विभागका महानिर्देशक समेतको टोली गठन गरी सम्वन्धित पक्षहरुसंग वार्ता गरी समस्यालाई तत्कालै संवोधन गर्ने।

५. हालै आएको वाढी एवम् त्यसले सिर्जना गरेको विपदवाट पर्न गएको धन जनको क्षतिलाई मध्यनजर गरी उद्धार, राहत र पुनर्स्थापनाको कार्यलाई तीव्र गतिमा अघि वढाउनु पर्ने भएकोले हरेक मन्त्रालय/निकायले आफू अन्तर्गत कार्यरत कर्मचारीहरुलाई विदा स्वीकृत नगर्ने तथा कार्य क्षेत्र वाहिर काजमा नखटाउने र विपद व्यवस्थापनलाई सफल र प्रभावकारी वनाउने।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

२०७६/४/२

मुख्य सचिव